# आर्थिक वर्ष २०७९/०८०

# आर्थिक ऐन

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति ः- | २०७९ /०३ /१० |

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

लुम्बिनी प्रदेश

२०७९

# माण्डवी गाउँपालिकाको आर्थिक ऐन,२०७९

**प्रमाणीकरण मितिः २०७९/०४/०१**

प्रस्तावनाः माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माण्डवी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"माण्डवी गाउँपालिकाको आर्थिक ऐन, २०७९"** रहेको छ ।
(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि माण्डवी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।
**२. सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर(घर र घरले चर्चेको जग्गामा एकीकृत सम्पत्ति कर लगाइनेछ) र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९.मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि ( १०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र्‍याफ्टीङ शुल्क** ः गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र याफ्टीङ सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुरः** गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उलि्लखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसूची : १

## माण्डवी गाउँपालिकाको आर्थिक ऐन
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## सम्पत्ति करको दर

| क्र.सं. | विवरण | लगाउन सक्ने दर | वार्षिक करका दर | कैफियत |
|---|---|---|---|---|
| | एकलाख रुपैया सम्म | कर छुट दिने | | |
| १ | १ लाख १ देखि ५लाख सम्म | ०.०५% देखि ०.२% | ०.०५% | |
| | ५ लाख १ देखि १० लाख सम्म | | ०.०६% | |
| | १० लाख १ देखि २० लाख सम्म | | ०.०७% | |
| | २० लाख १ देखि ३० लाख सम्म | | ०.०८% | |
| | ३० लाख १ देखि ४० लाख सम्म | | ०.०९% | |
| | ४० लाख १ देखि ५० लाख सम्म | | ०.१% | |
| | ५० लाख १ देखि १ करोड सम्म | | ०.१५% | |
| | १ करोडभन्दा माथि | | ०.२% | |

जिल्ला मालपोत कार्यालयको निर्धारित मुल्याङ्नलाई आधार मानी एकीकृत सम्पत्ति कर लगाउने प्रयोजनको लागि माण्डवी गाउँपालिकाले घर र घरले चर्चिएको जमिनको क्षेत्रलाई मात्र एकिकृत सम्पति कर लगाउन सिफारिस गरिन्छ ।

**माण्डवी गाउँपालिकाको तपशिल बमोजिम वाडाहरुमा बजार क्षेत्रमा पर्ने माटरबाटो दायाँबायाँ दुबै तर्फको घडेरी जग्गाको मुल्याङ्कन (प्रस्तावित दर) ।**

**१) वडा कार्यालय तिराम**

(क) साविकको तिराम गा.वि.स. वाडा नं ३ र ४ को पक्की सडकको दायाँबायाँ

अ) आवासिय र खेतीयोग्य जग्गा प्रति रोपनी रु ५,००,०००।- मात्र।

आ) पाखो वा खरबारी जग्गा प्रति रोपनी रु २,००,०००।- मात्र।

(ख) साविक तिराम गा.वि.स. वाडा नं २ र ३ कुमालटार कात्तिके देखि कोन्द्राचौर मुर्कुटी सडकको दायाँबायाँको जग्गा प्रति रोपनी रु २५०,०००।- मात्र ।

(ग) तिराम गा.वि.स वाडा नं १ र ३ देविस्थान घोराहि सडकको दायाँबायाँ

अ) आवासिय र खेतीयोग्य जग्गा प्रति रोपनी रु. २,५०,०००।- मात्र ।

आ) पाखो वा खरबारी  जग्गा प्रति रोपनी रु १,००००० मात्र |

(घ) तिराम गा.वि.स. वाडा नं २ र ३ आन्तरिक सडक डाम्रीखोला गणेश मा.वि. देखि खरिवाङ सडकको दायाँबायाँ जग्गा प्रति रोपनि रु १,५०,०००।- मात्र ।

(ङ) तिराम गा.वि.स. वाडा नं २ खैरेनि गणेश मा.वि  सडक प्रतिरोपनि रु १,५०,०००।- मात्र ।

(च) तिराम गा.वि.स वाडा नं २ र ३ पिपलडाँडा गणेश मा.वि सडक प्रतिरोपनि रु १,००,०००।- मात्र ।

(छ) तिराम गा.वि.स वाडा नं १ लामा पोखरी चर्पिङ डाडा सडक प्रतिरोपनि रु २,००,०००।- मात्र ।

**२) वडा कार्यालय मर्काबाङ**

(क) साविकको मर्काबाङ वडा नं ४ को हेल्थपोस्ट देखि गा.वि स भवन छात्रावास देखि ढोड खोला देखि ठूलोखेत सम्मको मोटरबाटो दायाँबायाँ प्रतीरोपनि रु ४,५०,०००।- मात्र ।

(ख) साविकको मर्काबाङ गा.वि.स. वडा नं. ८ को खुक्ली खोलादेखि ढिकावन सम्मको मोटरबाटो  दायाँबायाँ प्रतिरोपनी रु २,००,०००।- मात्र ।

(ग) साविकको मर्काबाङ वडा नं ४ सालघारी खेतदेखि सुन्नानी मा. वि. सम्मको छात्रावाससम्मको मोटरबाटोले छोएको प्रतिरोपनी रु ३,००,०००। मात्र ।

(घ) साविकको मर्काबाङ वडा नं ३ दोबाटो देखी ४ सालघारी खेतसम्म सम्मको मोटरबाटो दायाँबायाँ प्रतीरोपनी रु ४,००,०००। मात्र ।

(ङ) सावीकको मर्काबाङ वडा नं ४ को ठाडो खोल्सी गुवे खोलादेखी वडा नं ४ को सिमाना सम्मको मोटरबाटोको दायाँबायाँ प्रतिरोपनि रु १,००,००० मात्र

(च) वडा नं ५ सिमल गैरा देखी मर्कावागं  ६ र ७ हुदै दाङको सिमानासम्मको सडकको दायाँबायाँ प्रतिरोपनि रु ५०,०००। मात्र ।

(छ) कुमालटार मुकचौर सडक अन्तर्गत मर्काबाङ ८ खुक्ली खोलादेखि उदयपुरकोटको सीमानासम्मको दायाँबायाँ जग्गाको प्रतिरोपनी रु २,००,०००। मात्र

(ज) देविस्थान तिराम मुर्कुटी घोराही सडक अर्न्तगत मर्काबाङ १ र २ वडामा पर्ने सडकको दायाँबायाँ प्रतिरोपनी रु २,००,०००। मात्र

**३) वडा कार्यालय नयाँगाउँ**

(क) साविक नयाँगाउ गा.वि. स. वडा नं.२, ३,४ र ५ को पक्कि सडक दायाँबायाँ

अ) आवासिय र खेतीयोग्य जग्गा प्रति आना रु १०,००००।

आ) पाखो वा खरबारी  जग्गा प्रति आना रु ५०,०००।-

(ख) साविक नयाँगाउ गा.वि. स. वडा नं. ६ , ७ ,८, ९ को मोटरबाटो दायाँबायाँ

अ) आवासीय र खेतीयोग्य जग्गाको प्रति आना रु १,००,०००।-

आ) पाखो वा खरबारी  जग्गा प्रति आना रु ५०,०००।-

(ग) साविकको नयाँगाउँ गा.वि स वडा नं १ देविस्थान  बजार जस्पुर  बजारसम्म मोटरबाटोमा पर्ने  जग्गाको प्रतिआना देविस्थान   रु १,५०,०००। मात्र र जस्पुर रु २,००,०००

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८३० | ९९३ | ९६४ | ४४८ | ८६१ | ८६२ | ५७० | ५७१ | ५६५ |
| ८५३ | ८५४ | ५८० | ५८१ | ६३२ | ६३३ | ५६१ | ८२७ | ८२८ |
| ८३६ | ५६८ | ६९७ | ९०० | ९०१ | ९०२ | ५५९ | ५६० | ७५९ |
| ७६१ | ७६९ | ३९५ | ७७६ | ६१७ | ६०२ | ६०३ | ६०४ | ५२८ |
| ५२९ | ५३० | ८५६ | ८१८ | ८५५ | ६३९ | ६४० | ६१५ | ६३४ |
| ६३५ | ६३६ | ६३७ | ८१९ | ५९६ | ६३२ | ६६० | ६८३ | ६८४ |
| ८७७ | ८७६ | ८७४ | ८७५ | ३५९ | ७४५ | ८५९ | ३५६ | ३३७ |
| ४१६ | ७३३ | ४१३ | ५३५ | ५३४ | ७७२ | ७७३ | २८६ | २८५ |
| ९९५ | ९५३ | ९५२ | ९५४ | ९५५ | ९५६ | ९७४ | ९७५ | ६५८ |
| ६८१ | ६८२ | ६६३ | ९९६ | १०२० | १०२१ | १०३९ | १०४० | १०४१ |
| १०४२ | १११८ | १११९ | १२७ | १२३ | ६७४ | ६६२ | ६६३ | ६४५ |
| ६४६ | ५०८ | ५०७ | ११५ | ६०१ | ६०० | ६४४ | ६४३ | ५८४ |
| १०३ | १०४ | १०५ | ६२७ | ६२८ | ६६६ | ६६७ | ६६८ | ६६९ |
| ११३ | १११ | ११० | १०७ | १०९ | १०८ | ५१२ | ५११ | ५१३ |
| ८४ | ८५ | ९६ | ११२२ | ११२९ | ६५६ | ६५७ | ९८ | ९९ |
| ६५१ | ६५२ | ६५३ | ६५४ | ६५५ | ५०० | ४९९ | ४९८ | ४९७ |
| ५१६ | ५३३ | ५३२ | ५३१ | ५१४ | ५१५ | ५१८ | ५२६ | ५२७ |
| ५०३ | ५०५ | ५३६ | ५३७ | ५३८ | ६९ | ५७४ | ५७३ | ६२ |
| ६७९ | ६८० | ५२ | ५३ | ६४१ | ६४२ | ५५४ | ५५५ | ५५६ |
| ५५३ | ७६२ | २८३ | ४०९ | २८१ | २७८ | २७९ | २७४ | ५८२ |
| ९२० | ९२१ | ६९९ | ७०० | ६२९ | ६३० | ४०० | ४०१ | ४०२ |
| ४०३ | ४०४ | ४०५ | २७२ | ५७२ | ५७३ | ५७४ | ५७५ | ५६४ |
| ३१२ | ५७१ | | | | | | | |

घ) लामाचौर बजार क्षेत्र पक्की  रोड छोयका  सहायक बाटो जग्गाको मुल्य प्रति आना रु ५०,०००।

ङ) मार्सिवाङ्ग खेलकुद मैदान जाने मोटर बाटो दायाँ बाँया पर्ने जग्गा प्रति रोपनी रु ५००,०००।

च) पखराचौर देखि स्वर्गद्वारी न.पा. सिमा सम्म जोड्ने मोटरबाटो दायाँ बायाँ प्रति रोपनी रु४००,०००।

छ) नयाँगाउँ वडा नं ६ टार पक्की सडक देखि टार जोड्ने मोटरबाटो छोयको  प्रति रोपनी रु ५००,०००।

ज) गाउँपालिका जाने  रिङ्गरोडले छोयको जग्गाको मुल्य प्रति आना रु १०००००।

झ) सेउली घारी देखि झोलङ्गे पुल सम्म जोड्ने मोटर बाटोले छोएको प्रति रोपनी रु १०,००,०००।

४) वडा कार्यालय उदयपुरकोट

**क जस्पुर देखि उदयपुरकोट, नयाँगाउँ वडा कार्यालय देखि उदयपुरकोट र स्याउलीघारी देखि उदयपुरकोट सडकको दायाँबायाँ**

**अ) आवासीय र खेतीयोग्य जग्गाको प्रति रोपनी रु. २,००,०००।-**

**आ) पाखो वा खरबारी जग्गाको  प्रति रोपनी  रु. १,००,०००।-**

**५) वडा कार्यालय रम्दी**

**(क) साविकको रम्दी गा.वि. स वडा नं ५ मोटरबाटो दायाँबायाँ र बजार क्षेत्रमा पर्ने जग्गाको प्रति रोपनी रु २००,०००।-**

**(ख) सावीकको रम्दी गा.वी स वडा नं ८ माण्डवी पुल पुरानो झोलगे देखि पिपल चौतारासम्मको जग्गाको प्रतिआना रु १,५०,००० ।-**

**(ग ) चेरनेटा बजार  र तिग्रा सडकको दायाँबायाँ**

**अ) आवासीय र खेतीयोग्य जग्गाको प्रति आना  रु. १,००,००० ।-**

**आ) पाखो वा खरबारी जग्गाको  प्रति आना  रु. ५०,००० ।-**

**ग ) चेरनेटा देखि ५ नं. वडा कार्यालय जाने मोटरबाटोको दायाँबायाँ**

**अ. आवासीय र खेतीयोग्य जग्गाको प्रति रोपानी  रु. २००,००० ।-**

**आ. पाखो वा खरबारी जग्गाको  प्रति रोपनी  रु. १००,०००**

इ) पिपल चौचारा देखि बुटवल पावर हाउस जाने मोटरबाटोको दायाँ बायाँ **प्रति रापनी ४,००,००० ।**

ई) तिग्रा रिङ्गरोड मोटर बाटो दायाँ बायाँका जग्गा प्रति **रोपनी** रु **५,००,०० ।**

**घरतर्फको मुल्याँन**

**घर तर्फको मुल्याँन निम्न बमोजिम पारित गरिएको छ । घरको मुल्याँन गर्दा १० देखि २० प्रतिशतसम्म ह्रास कट्टी गर्न सकिनेछ ।**

| **क्र.सं.** | **विवरण** | **रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | सबै प्रकारका छत ढलान भएको **थक्लेनी ,सिमलचौर , अरङखोला,  देवीस्थान, जस्पुर, नयाँगाउँ, लामाचौर सम्म र चकचके देखि चेरनेटा सम्मको पक्कि सडकको दायाँबायाँ** भएको  पक्की घरको मुल्य निर्धारण | **१०००** प्रति वर्ग फिट | **न्युनतम** |

| | | | |
|---|---|---|---|
| २. | त्रिवेणी देखि तिराम, मर्काबाङ, उदयपुरकोट, रम्दीको कच्ची सडकको दायाँबायाँ भएको पक्कि घरको मुल्यांकन | ७०० प्रति वर्ग फिट | न्युनतम |
| ३ | सिमेन्ट ढुगां, ईटा को, जडान गरी जस्ता,टाइल छानो भएको प्रति तला घर मुल्य | ३ लाख मात्र | „ |
| ४ | ढुगां,माटो को जडान भएको र माटो ले पोतेको जस्ताको छाना भएको प्रति तला घरको मुल्य | २ लाख मात्र | „ |
| ५ | ढुगां,माटो को जडान भएको र माटो ले पोतेको फुसको छाना भएको प्रति तला घर को मुल्य | १ लाख मात्र | „ |

# अनुसूची : २

### मालपोत तथा भुमि करका दर (घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइनेछ)

| क्र.सं. | जग्गाको किसिम | खेत तर्फ रु. | | | | पाखो तर्फ रु. | | | | खरबारी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार | |
| १ | खेत पाखो ५ रोपनी सम्म | १० | ८ | ६ | ५ | ८ | ६ | ५ | ४ | २ |
| २ | खेत पाखो ५ रोपनी भन्दा माथि १५ सम्म प्रतिरोपनी | १५ | १२ | १० | ८ | १२ | १० | ६ | ५ | ४ |
| ३ | खेत पाखो १५ रोपनी भन्दा माथि २५ सम्म प्रतिरोपनी | २० | १५ | ११ | १० | २० | १५ | ११ | १० | ८ |
| ४ | खेत पाखो २५ रोपनी भन्दा माथि ५० सम्म प्रतिरोपनी | २५ | २२ | २० | १६ | २२ | २० | १६ | १५ | १० |
| ५ | ५० रोपनी भन्दा माथि प्रतिरोपनी | ३० | २८ | २५ | २२ | २७ | २५ | २१ | २० | १४ |

माण्डवी गाउँपालिकाको मोटरबाटो संग नजोडिएको बजार क्षेत्र भित्र नपर्ने वडाहरुको जग्गाको न्यूनत्तम मुल्य प्रतिरोपनीमा (प्रस्तावित दर)

| क्र.स. | साविक गा.वि.स. | विरह | अब्बल | दोयम | सिम | चाहार | प्रति/ बाँफो खर |
|---|---|---|---|---|---|---|---|
| १. | तिराम<br>१ र ४ | खेत | ७०,०००।०० | २५,०००।०० | २०,०००।०० | १५,०००।०० | ५,०००।०० |
| | | पाखो | ३०,०००।०० | २०,०००।०० | १५,०००।०० | १०,०००।०० | |
| २. | तिराम<br>२ र ३ | खेत | १,२५,०००। | १,१०,०००। | ८५,०००।०० | ७५,०००।०० | ५,०००।०० |
| | | पाखो | ४०,०००।०० | ३०,०००।०० | २०,०००।०० | १५,०००।०० | |
| ३. | नयाँगाउँ | खेत | १,२०,०००। | ८०,०००।०० | ५०,०००।०० | ३०,०००।०० | ५,०००।०० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पाखो | ४०,०००।०० | ३५,००० | २५,०००।०० | १५,०००।०० | |
| ४. | मर्काबाङ १,२,३,४,५,६,७, ८ र ९ | खेत | १,२५,०००। | १,१०,०००। | ८५,०००।०० | ७५,०००।०० | |
| | | पाखो | ८०,०००।०० | ७०,०००।०० | ६०,०००।०० | ५०,०००।०० | |
| | | पाखो | ८०,०००।०० | ७०,०००।०० | ६०,०००।०० | ५०,०००।०० | ६,०००।०० |
| ६. | उदयपुरकोट | खेत | ६०,०००।०० | ५०,०००।०० | ४०,०००।०० | ३०,०००।०० | |
| | | पाखो | ५०,०००।०० | ४०,०००।०० | ३०,०००।०० | २०,०००।०० | ५,०००।०० |
| ७. | रम्दी | खेत | १,२०,०००। | १,१०,०००। | १,००,०००। | ८०,०००।०० | |
| | | पाखो | ५०,०००।०० | ४०,०००।०० | ३०,०००।०० | २०,०००।०० | ६,०००।०० |

# अनुसूची ः ३

## वहाल कर

**गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिमको वहाल कर लगाइने छ ।**

| सि.नं | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वा पोखरी पूरै वा आंशिक रुपले वहालमा दिएकोमा | १० % |

# अनुसूची ः ४

## व्यवसाय कर

| सि.नं. | राजश्वका क्षेत्रहरुका विवरण | चालु आ.व. को दर | वार्षिक कर (रु. मा) | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|
| न्यापारीक वस्तुहरु | | | | | |
| क) | मध्यपान, धुम्रपान, ज्वेलर्स, हाडवेयर संग सम्बन्धित | | | | |
| १ | १ लाख देखि ५ लाख सम्म | | १००० | | |
| २ | ५ लाख १ देखि १५ लाख सम्म | | २००० | | |
| ३ | १५ लाख १ देखि १ करोड सम्म | | ५००० | | |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | | ७००० | | |
| ५ | ५ करोड १ देखि माथी | | १०००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) | कृषि तथा पशु सेवा सम्बन्धि | | | | |
| १ | १ लाख देखि ५ लाख सम्म | | २५० | | |
| २ | ५ लाख १ देखि १५ लाख सम्म | | ५०० | | |
| ३ | १५ लाख १ देखि १ करोड सम्म | | ७५० | | |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | | १००० | | |
| ५ | ५ करोड १ देखि माथी | | २५०० | | |
| ग) | अन्य ब्यापारिक तथा ब्यवसायिक बस्तुहरु | | | | |
| १ | भिडियो क्यामेरा,फोटा खिच्ने | | १००० | | |
| ३ | भाँडा पसल | | १००० | | |
| ५ | घुम्तीपसल  स्थानीय साप्ताहिक | | २०० | | |
| ६ | घुम्तीपसल  बाह्य साप्ताहिक | | १००० | | |
| ७ | कपडा पसल | | ५०० | | |
| ८ | सूचीकार टेलर्स | | १०० | | |
| ९ | जुत्तासिउने पसल | | १०० | | |
| १० | राइस मिलकुटनी पीसानी घरायसि प्रयोजन | | २०० | | |
| ११ | राइस मिलकुटनी पीसानी ब्यबसायिक प्रयोजन | | ६०० | | |
| १२ | कस्मेटिक पसल | | ५०० | | |
| १३ | हजाम पसल | | ५०० | | |
| १४ | सामान्य चिया पसल मात्र | | १०० | | |
| १५ | होटेल एण्ड लज | | १००० | | |
| १६ | आरन /काठका ठेकि तथा अन्य सामान पसल | | ८० | | |
| १७ | डोका ,डालो लगाएत अन्य निगालो र बाँस जन्य सामानको पसल | | ८० | | |
| १८ | हाते कागज,अल्लो प्रशोधन,होजियारी | | १०० | | |
| १९ | कभर्ड हल -ब्यायाम शाला | | २०० | | |
| २० | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धि ब्यवसाय | | | | |
| २०.१ | ५ लाख १ देखि १५ लाख सम्म | | २००० | | |
| २०.२ | १५ लाख १ देखि ५० लाख सम्म | | ५००० | | |
| २०.३ | ५० लाख देखि १ करोड सम्म | | १०००० | | |
| २१ | इन्धन विक्रि पसल (डरममा राखेर),एल.पि ग्याास | | ३०० | | |
| २२ | फर्निचर पसल | | १००० | | |
| २३ | खाद्यन्न  किराना पसल थोक विक्रेता | | १००० | | |
| २४ | खाद्यन्न किराना पसल खुद्रा विक्रेता | | ५०० | | |
| २५ | वैदेशिक रोजगारमा पठाउने संस्था हाउजिË कम्पनि | | ५००० | | |
| २६ | उद्योग संघसंस्था  आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | | १००० | | |
| २७ | घरजग्गा खरीद विक्रि | | ४००० | | |
| २८ | पंचेवाजा | | निशुल्क | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | वेण्डवाजा | | ५०० | | |
| ३० | सित भण्डार | | १००० | | |
| ३१ | टेण्ट हाउस | | १००० | | |
| ३२ | हाफ क्याटरीË | | १००० | | |
| ३३ | साईवर क्याफे | | ५०० | | |
| ३४ | मासु (खसि, कुखुरा, रागा, वंगुर आदी)  विक्रेता | | १००० | | |
| ३५ | फलफूल तरकारी पसल | | १५० | | |
| ३७ | होम स्टे | | ३०० | | |
| ३८ | स्टेशनरी | | २५० | | |
| ३८ | ब्युटिपार्लर | | १००० | | |
| ४० | माछा मार्ने पेशेवर (ब्यवसाय) | | २५० | | |
| **ङ)** | **मर्मत सेवा** | | | | |
| १ | सवारी साधन मर्मत ग्यारेज | | १००० | | |
| २ | रेडियो, घडि, टि.भि, आदी ईलेक्ट्रोनिक सामान | | ५०० | | |
| ३ | ग्यास चुलो सेल्स पम्प टायर पम्प पञ्चर ग्यास विलडिङ वक्सा मर्मत गर्ने साईकल रीक्सा लुगा सिउने मेसिन अन्य फोटोकपि ब्याग | | ५०० | | |
| **च)** | **वित्तीय सेवा** | | | | |
| १ | बैंक नेपाल सरकारकबाट सम्बन्धन क बर्गको इजाजत | | १२००० | | |
| २ | बैंक नेपाल सरकारकबाट सम्बन्धन ख बर्गको इजाजत | | ८००० | | |
| ३ | फाइनान्स तथा लघु वित्त | | ५००० | | |
| ४ | बहुउद्देश्यीय सहकारी -ऋण, वचत प्रतिलाख | | ५०० | | |
| ५ | कृषि सहकारी प्रति लाख | | १०० | | |
| **छ)** | **स्वास्थ्य सेवा** | | | | |
| १ | औषधी पसल, क्लिनिक, ल्यावहरु | | १००० | | |
| २ | दाँत बनाउँने/आँखा सम्वन्धित पसल | | १००० | | |
| ३ | आर्युर्वेदिक पसल | | ५०० | | |
| | **गैर सरकारी अस्पताल ल्यावहरु** | | | | |
| | **नर्सिङ होम** | | | | |
| **ज)** | **तालिम तथा प्रशिक्षण केन्द्रहरु** | | | | |
| १ | तालिम तथा अनुसन्धान , कम्प्युटर टाईपिË, कम्प्युटर तथा प्रशिक्षण ,निजि क्षेत्र वाट दिईने शिक्षा तथा कोचिË सेन्ट लगायत फोटोकपी समेत संचालन भई काम गर्ने हरुको हकमा | | ५०० | | |
| २ | कम्प्युटर तथा प्रशिक्षण ,निजि क्षेत्र वाट दिईने शिक्षा तथा कोचिË सेन्टर | | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **झ)** | **शैक्षिक संस्था निजी क्षेत्रका विद्यालय** | | | | |
| १ | मा.वि. तह | | ५००० | | |
| २ | आधारभूत तह | | ३००० | | |
| ३ | प्रा.वि तह | | २००० | | |
| **ञ)** | **विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा** | | | | |
| १ | डाक्टर | | २००० | | |
| २ | कविराज होमियोपेथिक आयुर्वेद डाक्टर | | २००० | | |
| ३ | ईन्जीनियर | | २००० | | |
| ४ | कानुन व्यवसायी | | २००० | | |
| ५ | लेखापरिक्षक | | २००० | | |
| ६ | वीमा एजेन्ट | | २००० | | |
| ७ | सर्भेयर | | १००० | | |
| ८ | सबै प्रकारको कन्सलटेन्सि | | २००० | | |
| ९ | शेयर दलाल | | २००० | | |
| १० | अनूवादक | | १००० | | |
| ११ | टेलिचलचित्र, वृत्तचित्र निर्माण परामर्श सेवा, अनुसन्धान तथा परामर्श दाता | | ३००० | | |
| १२ | संस्थागत पेन्टर | | ३००० | | |
| १३ | लेखापढी | | २००० | | |
| **ट) निर्माण न्यावसायी** | | | | | |
| १ | श्रेणि क | | १५००० | | |
| २ | श्रेणि ख | | १०,००० | | |
| ३ | श्रेणि ग (भवन निर्माणकर्ता ठेकेदार समेत) | | ८००० | | |
| ४ | श्रेणि घ (भवन निर्माणकर्ता ठेकेदार समेत) | | ५००० | | |
| **दर्ता भई श्रेणी अनुसार अनुसार अनुमति प्राप्त नगरेका अन्य निर्माण व्यवसायीहरुबाट निम्नानुसार वर्गीकरणको आधारमा गाँउपालिकाबाट अनुमति लिएर व्यवसाय गर्ने र निम्नानुसार कर लिने** | | | | | |
| **१** | श्रेणि क | | २५०० | | |
| **२** | श्रेणि ख | | १५०० | | |
| **३** | श्रेणि ग | | १००० | | |
| **ठ)** | **उद्योग व्यवसाय** | | | | |
| १ | १ लाख सम्म | | ५०० | | |
| २ | १ लाख १ देखि ३ लाख सम्म | | १००० | | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | | १५०० | | |
| ४ | ५ लाख १ देखि २० लाख सम्म | | २००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २० लाख १ देखि १ करोड सम्म | | ३००० | | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | | ५००० | | |
| ७ | ५ करोड १ र सो भन्दा माथि | | १०००० | | |
| **ड)** | **संचार सेवा  व्यवसाय एफ.एम समेत** | | | | |
| १ | १ लाख सम्म | | ५०० | | |
| २ | १ लाख देखि २ लाख ५० हजार सम्म | | ६०० | | |
| ३ | २ लाख ५० हजार भन्दा माथी | | ८०० | | |
| ४ | एफ.म रेडियो, केबुल च्यानल, पत्रपत्रिका प्रकाशन सेवा | | १००० | | |
| ५ | मोवाईल टावर ठुलो एकमुस्ट | | ६००० | | |
| ६ | मोवाईल टावर सानो | | ३००० | | |
| ७ | इन्टरनेट टावर | | २००० | | |

# अनुसूची ः ५

## जडीबुडी, कवाडी र जीवजन्तु कर

| | | | | | |
|---|---|---|---|---|---|
| क | खोटो प्रति के.जी. | | १ | | |
| ख | टिमुर प्रति के.जि | | १ | | |
| ग | तेजपात प्रति के.जि. | | ०.५० | | |
| घ | दालचिनी प्रति के.जि. | | १ | | |
| ङ | चिउरी विया प्रति के.जि. | | ०.५० | | |
| च | कुरीलो | | १ | | |
| छ | वनकस(प्रतिक्वीन्टल) | | १० | | |

# अनुसूची ः ६

## सवारी साधन कर

| क्र.सं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल , स्कुटर | ५० | माण्डवी गा.पा क्षेत्रमा स्थाई वसोवास गर्ने नागरिकको हकमा मा वार्षिक सवारी साधन कर लिईने छ । माण्डवी गा.पा मा अस्थाई वसोवास गर्नेका हकमा वार्षिक सवारी कर लिईने छैन तर त्यस्ता करदाताहरुलाई रु ५० लिई परीचय पत्र दिईने छ । जुन वार्षिक रुपमा नविकरण गर्नु पर्ने छ । |
| २ | निजी जिप, कार, अटो रिक्सा र टेम्पो | ५०० | |
| ३ | भाडाको जिप | २०० | |
| ४ | टेक्टर | ५०० | |

| | | | |
|---|---|---|---|
| ५ | ठुलो गाडी, बस, ट्रक | ५०० | |

**गा.पा ले लगाउने पटके सवारी कर**

| क्र.सं | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | निजि तथा भाडामा वस,ट्रक, ट्रयाक्टर लहरीमा प्रति पटक | २० | |
| २ | निजि तथा भाडाका कार, जिप , भेन प्रति पटक | १५ | |
| ३ | विदेशि नं. प्लेट भएका १ बमोजिमका सवारी साधन को हकमा | १०० | |
| ४ | विदेशि नं. प्लेट भएका २ बमोजिमका सवारी साधन को हकमा | २०० | |

## अनुसूची : ७
## विज्ञापन कर

| क्र.सं | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| क | होडिङ वोर्ड प्रति वर्ग फिट | ८० | |
| ख | डी.पि.एस. वोर्ड प्रति वर्ग फिट | ७० | |
| ग | डिजिटल वोर्ड | १०० | |
| घ | वाल पेन्टिङ | २० | |
| ङ | तुल ब्यानर प्रति गोटा | ५० | |
| च | माथि उल्लेखित प्रकरण वाहेकका हकमा प्रति वर्ग फिट | १० | |
| अ) | अन्य विषयहरु | | |
| १ | ब्यानर प्रति मिटर | ४० | |
| २ | ब्यानर ब्यापारिक प्रति गोटा | १० | |
| ३ | गेट राख्न गा.पा को स्वीकृति लिएर प्रति मिटर | १०० | |
| ४ | प्रचार प्रसार रिक्सावाट  माईकिङ गर्दा प्रति दिन | ५० | |
| ५ | प्रंचार प्रसार गाडी वाट | १०० | |

## अनुसूची : ८
## मनोरञ्जनात्मक कर

मनोरञ्जन कर ऐतिहासिक पुरातात्वीक एवं धार्मिक स्थल हरुको ब्यवस्थापन गरी स्थानीय वासीहरुको सहकार्यमा प्रवेश शुल्कको ब्यवस्था गरी पर्यटकहरु वाट प्रवेश शुल्कको २% रकम गा.पा ले मनोरञ्जन कर वापत लिन सक्नेछ ।

-साँस्कृतिक प्रदर्शन हल, नाच घर , दोहारी संगीत तथा अन्य मनोरञ्जन सामग्री प्रदर्शनीमा प्रवेश शुल्क मा २ प्रतिशत मनोरञ्जन कर लाग्ने छ ।

– जादु, सर्कश, चटक र मेला आयेजना स्थलमा मनोरञ्जन कर वापत अनुमति का लागी गरीने सिफारिसका दस्तुरका अतिरीक्त प्रत्येक दिन रु २००।- लिईने छ ।

## अनुसूची : ९

### वहाल बिटौरी कर

माण्डवी गा.पा क्षेत्रभित्र लाग्ने दैनिक हाटवजार/साप्ताहिक हाटवजारमा प्रति दिन देहायका दरले कर लाग्नेछ ।

| क्र.सं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| क | माछा मासु विक्रि सम्वन्धि | दैनिक रु. ५० | |
| ख | कपडा तथा जुत्ता सम्वन्धि ब्यवसाय | दैनिक रु. ५० | |
| ग | तरकारी तथा फलफुल ब्यवसाय | दैनिक रु. ५० | |
| घ | खाद्यान्न सँग सम्वन्धित | दैनिक रु. ५० | |
| ङ | पशुपंक्षी विक्रीसँग सम्वन्धित | दैनिक रु. ५० | |
| च | परम्परागत शिप सँग सम्वन्धित | दैनिक रु. १० | |
| छ | अन्य ब्यवसाय सँग सम्वन्धित कर | दैनिक रु. १०० | |
| | वहाल बिटौरी कर मासिक | रु.१०० | |

## अनुसूची : १०

### पार्किङ शुल्क

| क्र.सं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| क | वस, ट्रक, लरी अन्य हेवि गाडी (प्रतिपटक) | २० | |
| ख | माईक्रो कार अन्य साना गाडी (प्रतिपटक) | १० | |
| ग | विदेशी वस , ट्रक, लरी अन्य हेवी गाडी | ५० | |
| घ | विदेशी माईक्रो कार , जिप अन्य साना गाडी | ४० | |
| ङ | ठेला रिक्सा भ्यान,मो.सा, पटके | ५ | |

## अनुसुचि ११

### र्‍याफ्टिङ र ट्रेकिङ कर

यस माण्डवी गा.पा ले यस गा.पा भित्र र्‍यापटिङ र ट्रेकिङ गरे वापत निम्नअनुसार कर लगाउने छ ।

| क्र.सं | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | र्‍यापटिङ प्रतिपटक | १० | |
| २ | ट्रेकिङ प्रतिपटक | १० | |

## अनुसुचि १२

### सेवा शुल्क, सिफारिस दस्तुर, दर्ता शुल्क, दर्ता नविकरण शुल्क, सुचि दर्ता तथा दण्ड जरीवाना

यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको विभिन्न प्रकृतिका तपशिल बमोजिमका सेवा शुल्क लिइने छ ।

| क्र.सं | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | अचल सम्पत्ति मुल्याङ्कन सेवा सुल्क प्रति लाख | ५० | |
| २ | आयश्रोत मुल्यांन सेवा सुल्क प्रति लाख | १०० | |
| ३ | गा.पा को हल भाडा सेवा सुल्क | १५०० | |
| ४ | गा.पा हल भाडा प्रोजेक्टरसहित | २००० | |
| ५ | गा.पा हल भाडा साउण्ड सिस्टम सहित | १५०० | |
| ६ | सार्वजनिक शौचालय प्रयोगमा | दिशा रु १० पिसाब रु ५ | |
| ७ | फोरमैला ब्यवस्थापन सेवा शुल्क | गा.पा ले तोकेबमोजिम | |
| ८ | पशुपन्छी दर्ता | प्रति रु १० | |
| ९ | प्रयोग शाला सेवा | प्रति रु १० | |
| १० | पोष्टमार्टम सेवा | प्रति रु १०० | |
| ११ | पशुपन्छी बधपर्व निरिक्षण गराउदा लाग्ने शुल्क | प्रति रु १५ | |
| १२ | पशु बन्धाकरण सेवा बोका, साढे | प्रति रु१५ | |
| १३ | ढुगां, गिट्टी, बालुवा सार्वजनिक स्थानमा संकलन (त्रिबेणिधाम बगर) | २००००० | |
| १४ | टिप्पर, टयाक्टर तथा ब्याक हो लोडरको भाडामा | | गा.पाको निर्णय बमोजिम |
| १५ | निजि जग्गाको ढुंगा, गिट्टी, बालुवा बोक्ने टयाक्टर टिप्पर | | गा.पाको निर्णय बमोजिम |
| १६ | निजि जग्गामा रहेका काठ निकासी गरेवापत टयाक्टर,टिपर ६ चक्के | | गा.पाको निर्णय बमोजिम |
| १७ | ब्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० | |
| १८ | ब्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० | |
| १९ | जग्गा मालपोत कर रसिदको प्रतिलिपि दस्तुर | ५० | |
| १९ | संसोधित प्रकृतिको ब्यवसायको तोकिएको कर र विवरण हेरफेर | ५०० | |

| | | | |
|---|---|---|---|
| २० | ब्यवसाय साझेदार थपघट | चालु आर्थिक वर्ष सम्मको कर असुल गरी वार्षिक करको दरमा ५०% वा रु.१०००।- मध्ये जुन बढी हुन्छ सो थप दस्तुर | |
| २१ | ब्यवसाय ठाउँसारी दस्तुर | २००० | |
| २२ | ब्यवसाय नामसारी दस्तुर | १००० | |
| २३ | ब्यवासाय बन्द/खारेज/लगत कट्टा दस्तुर | वार्षिक करको ५० प्रतिशत वा रु. १०००।- मध्ये जुन वढी हुन्छ सो वराबरको दस्तुर | |
| २४ | ब्यवसायको दर्ता प्रमाणपत्र प्रतिलिपि दस्तुर | १०० | |
| २५ | ब्यवसाय कारोबार पुँजी थप दस्तुर | ५०० | |
| २६ | अन्य सेवा सुल्क सेवाको प्रकृति, प्रचलित नियम कानुन हेरी | ५०– १०००। सम्म | |

यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको विभिन्न प्रकृतिका तपशिल बमोजिमका सिफारिस शुल्क लिइने छ ।

| क्र.सं | विषय | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | घर र जग्गा सम्वन्धी सिफारिस | अपुताली सिफारिस दस्तुर | १००० | एक रोपनी भन्दा माथी प्रति रोपनी थप रु ३०० |
| | | निवेदन दस्तुर | १० | |
| | | पक्की घर प्रमाणित | २०० | |
| | | कच्ची घर प्रमाणित | ५०० | |
| | | चार किल्ला प्रमाणित दस्तुर | २०० | |
| | | वसोवास प्रमाणित | १०० | |
| | | ब्यावसायिक घर कोठा खोल्ने | ३०० | |
| | | आवासिय घर कोठा खोल्ने घर नामसारी | २०० | |
| | | हकभोग तथा जोतभोग र छुट दर्ता | २५० | १ रोपनी भन्दा वढिका लागी प्रतिरोपनि थप १०० |
| | | साना घरेलु उद्योगमा आगलागी सिफारिस | ५०० | विमा प्रयोजनका लागी लिने अन्यका लागी निशुल्क |
| | | मझौला उद्योगमा आगलागी सिफारिस | २००० | विमा प्रयोजनका लागी लिने अन्यका लागी निशुल्क |
| | | ठुला उद्योगमा आगलागी सिफारिस | ५००० | विमा प्रयोजनका लागी लिने अन्यका लागी निशुल्क |
| | | सर्वसाधारणको घर टहरा आगलागी सिफारिस | निशुल्क | |
| | | नक्सापास किताब दस्तुर | ५०० | |
| | | संघसंस्थाको वैंक खाता खोल्दा सिफारिस | २०० | |
| | | रीक्सा ठेलाको ब्लु वुक दस्तुर | २५० | |
| | | ब्यवसाय प्रमाणपत्र दस्तुर | १५० | |
| | | पक्की घर कायम सिफारी वा निर्माणाधिन रहेको सिफारिस | प्रतिवर्ग फुट ०.५० पैसा | |
| | | टिनको छाना भएको कच्ची घर कायम | २०० | |
| | | कच्ची घर सिफारिस | १०० | |

| | | | | |
|---|---|---|---|---|
| | | वैदेशिक रोजगारीमा मृत्यु हुनेको सिफारिस | निशुल्क | |
| | | नम्वरी जग्गाको रुख काट्ने सिफारिस | ३०० | १ भन्दा वढि रुख भए प्रति रुख २०० थप |
| | | सहुलियत काठको सिफारिस | १००० | दाउराको प्रयोजनको लागी भए प्रति ट्रयाक्टर रु १००० |
| | | संस्थाको किटान भए जिंगट | प्रति रुख १०० | |
| | | सिसौ | „ „ २०० | |
| | | ऋाप | „ „ २०० | |
| | | सिमल | „ „ ५०० | |
| | | साज असना जामुन खयर | „ „ ४०० | |
| | | अन्य रुख | „ „ २०० | |
| | | विद्युत सीगंल फेज सिफारिस | १०० | सुकुम्वासि समेतको हकमा |
| | | विद्युत थ्रिफेज सिफारिस | ५०० | |
| | | बिद्युत टान्सफरर्मर जडान सिफारिस | २००० | |

उद्योग दर्ता सिफारिस

| क्र.सं. | विषय | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता सिफारिस | चाउचाउ उद्योग | १५०० | |
| | | बिष्कुट उद्योग | १५०० | |
| | | चप्पल उद्योग | १५०० | |
| | | सलाई उद्योग | १५०० | |
| | | प्लाई उद्योग | ३००० | |
| | | सस उद्योग | ५०० | |
| | | कपडा उद्योग | ६०० | |
| | | वरफ उद्योग | ६०० | |
| | | कपडा रिफइन उद्योग | ६०० | |
| | | कन्फेसनरी उद्योग | २००० | |
| | | काष्ठ उद्योग | ३००० | |
| | | समिल सहितको काष्ठ उद्योग | ५००० | |
| | | फर्निचर उद्योग | २००० | |
| | | ग्यारेज | १००० | |
| | | पेट्रोल पम्प | १०००० | |
| | | मट्टीतेल डिलर | २५०० | |
| | | स्टेशनरी उद्योग | २५०० | |
| | | डिस्टीलरी | ५००० | |
| | | हल्का पेय पद्धार्थ | २००० | |
| | | पलाष्टीक उद्योग | ३००० | |
| | | पाउरोटी उद्योग | १००० | |
| | | ग्रिल उद्योग | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | गलैचा उद्योग | ५००० | |
| | | गार्मेन्ट उद्योग | ३००० | |
| | | क्रसर उद्योग | १०,००० | |
| | | भुजिया उद्योग | १००० | |
| | | ईट्टा उद्योग आधुनिक भट्टाजडित | ७००० | |
| | | ईट्टा तथा टायल आधुनिक यन्त्र जडान नगरेको | ५००० | |
| | | पशु आहार | १००० | |
| | | तामा आल्मुनियम जस्ता धातु उद्योग | १००० | |
| | | प्रेस वाहेक प्रिन्टिङ | २५०० | |
| | | जुस उद्योग | १००० | |
| | | चुरोट विडि | ५००० | |
| | | वेदवास फिर्निचर | ५००० | |
| | | लुब्रिकेन्ट उद्योग | २०००० | |
| | | माथी उल्लेखित नगरीएको उद्योगका हकमा | | गाँउ कार्यपालिकाको निर्णय |

## अन्य सिफारिसहरु

| क्र.सं. | विवरण | सिफारिस शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित गर्ने | २०० | |
| २ | जन्ममिति प्रमाणित गर्ने | १५० | |
| ३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | ३०० | |
| ४ | अंग्रेजि माध्याम सिफारिस तथा प्रमाणित | २०० | |
| ५ | वसाईसराई प्रमाणित | ३०० | |
| ६ | मृत्यु प्रमाणित | २०० | |
| ७ | घरपाताल प्रमाणित | २०० | |
| ८ | व्यक्तिगत विवरण प्रमाणित | २०० | |
| ९ | जिवितसँगको नाता प्रमाणित | २५० | |
| १० | हकवाला वा हकदार प्रमाणित | २०० | |
| ११ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक | २०० | |
| १२ | कागज र मञ्जुरीनामा प्रमाणित गर्ने | २०० | |
| १३ | आर्थिक अवस्था कमजोर तथा विपन्नता प्रमाणित वा आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित / आम्दानी प्रमाणित | २०० | |
| १४ | नागरीकता लिनको लागी सिफारिस गर्ने | १०० | |
| १५ | नागरीकताको प्रतिलिपि लिनको लागी सिफारिस गर्ने | ३०० | |
| १६ | वहालकर को लेखाजोखा प्रमाणित | २०० | |
| १७ | मोही लगत कट्टी को सिफारिस | २०० | |
| १८ | घर जग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने | २०० | |
| १९ | व्यापार व्यवसाय वन्द भएको वा हुदै नभएको सिफारिस | २०० | |
| २० | मिलापत्रको कागजात गराउने निवेदन दर्ता सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| २१ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने | १५० | |
| २२ | समुह/समिती/संस्था दर्ता /नविकरण सिफारिस | २०० | |
| २३ | घरवाटो सिफारिस | | |
| २३.१ | पक्की सडक ,पलर्टिगं ,बायखोलादेखि चेरनेटा, जस्पुर, देविस्थान, लामाचौर, गनाहा खोला पक्की सडक, बजारक्षेत्र | ५०० | |
| २३.२ | भित्री बाटो ,अन्य क्षेत्र | २५० | |
| २४ | पुर्जामा घरकायम गर्ने सिफारिस | २०० | |
| २५ | नाम वा जन्ममिति संसोधन सिफारिस | १५० | |
| २६ | जग्गाधनि पुर्जा हराएको सिफारिस | १५० | |
| २७ | कित्ताकाट गर्ने सिफारिस | २०० | |
| २८ | नामसारी गर्ने सिफारिस | २५० | |
| २९ | जग्गाको हक सम्वन्धमा सिफारिस | २०० | |
| ३० | मृतकसँगको नाता प्रमाणित तथा सिफारिस | २५० | |
| ३१ | उद्योग ठाँउ सारी गर्ने सिफारिस | ५०० | |
| ३२ | जिवित रहेको सिफारिस | ३०० | |
| ३३ | पालनपोषणको लागी सिफारिस | २०० | |
| ३४ | वैवाहिक अंगिकृत नागरीकता सिफारिस | १००० | |
| ३५ | साधारण सिफरिस | १०० | |
| ३६ | कोठा खोल्न रोहवरमा वस्न सिफारिस | १५० | |
| ३७ | प्रचलित कानुन बमोजिम प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने | ५०० | |
| ३८ | पेन्शन सिफारिस भारत मुलुक नेपालको लागि | १००० र ५०० | |
| ३९ | उल्लेखित काममा थप मुचुल्का गर्नु परेमा | २०० | फिल्डमा जाँदा ५०० |
| ४० | बिद्युत मिटर सिफारिस | १०० | |
| ४१ | अन्तरराष्ट्रिय गै.स.सं.(कार्यक्रम अनुमति सिफारिस) र ब्यवसाय संचालन अनुमति सिफारिस | ५०० | |

**निजी शिक्षण संस्था दर्ता एवं अन्य कामका लागि सिफारिस**

| क्र.सं. | विषय | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | निजी शिक्षण संस्था दर्ता एवं अन्य कामका लागि सिफारिस | पुर्व प्राथामीक | ३००० | |
| | | प्राथामीक | ५००० | |
| | | निम्न माध्यामीक | ७५०० | |
| | | माध्यामीक | १०००० | |
| | | क्याम्पस | २०००० | |
| | | प्राविधिक शिक्षण संस्था | १०००० | |
| | | स्तर वृद्धि सिफारिस | ५००० | प्रति संकाय |

# दर्ता शुल्क, नविकरण शुल्क, सुचि दर्ता

१.व्यापारीक वस्तुहरु

क) चुरोट तथा रक्सी जन्य पदार्थ, हार्डवयर र ज्वैलर्स सँग सम्वन्धित वस्तुहरुको व्यापार व्यावसाय (मदिरा र कोल्ड ड्रिक्स सहित समेत) दर्ता

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | मदिरा सहितको पसल, व्यवसाय भएमा दर्ता शुल्कमा थप रु. ५००० लाग्नेछ । |
| २ | १ लाख १ देखि ३ लाख सम्म | १००० | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | १५०० | |
| ४ | ५ लाख १ देखि २० लाख सम्म | ३००० | |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ५००० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ८००० | |
| ७ | ५ करोड १ र सो भन्दा माथि | १५००० | |

ख) क्यामरा, टेलिभिजन,चस्मा लगायतका विद्युतीय सामाग्री (सिडी प्लेयर्स, कम्प्युटर सामाग्री समेतका व्यवसायहरु)

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्म | १००० | |
| २ | ५ लाख १ देखि २० लाख सम्म | १५०० | |
| ३ | २० लाख १ देखि १ करोड सम्म | २००० | |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | ४००० | |
| ५ | ५ करोड १ देखि माथि | ८००० | |

ग) ट्याक्टर विक्री,कार, जिप, अटोमोवाईल्स, मोटरपार्टस, मोटरसाईकल, मिल मेसिनरी आदि व्यवसायहरु

| क्र.सं. | अधिकृत पुर्जी | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | |
| २ | १ लाख १ देखि ५ लाख सम्म | १००० | |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | २००० | |
| ४ | १० लाख १ देखि २० लाख सम्म | ३५०० | |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ४५०० | |
| ६ | १ करोड १ देखि माथि | ८००० | |

घ) किताब, कापी तथा स्टेशनरीसँग सम्बन्धित व्यवसाय ( किराना व्यवसाय समेतको हकमा) व्यवसाय दर्ता

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ४०० | |
| ३ | १ लाख १ देखि ३ लाख सम्म | ८०० | |
| ४ | ३ लाख १ देखि ५ लाख सम्म | १००० | |
| ५ | ५ लाख १ देखि २० लाख सम्म | २००० | |
| ६ | २० लाख १ देखि २५ लाख सम्म | ३५०० | |
| ७ | २५ लाख १ देखि माथि | ५००० | |

ङ) कृषिसँग सम्वन्धित व्यवसायको हकमा (कृषि फर्म, गाईपालन, सुंगुरवंगुर पालन, कुखुरा पालन, वाख्रा पालन आदि) कृषि सामाग्री औजार मल, विउ, गाई, माछा, दाना, चोक्रा कुखुरा दाना पशुपंक्षी आहार) दर्ता

| क्र.सं | विवरण | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | १ लाख रुपैया सम्म | २०० | |
| २ | १ लाख १ देखि ३ लाख सम्म | ३०० | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | ५०० | |

| | | | |
|---|---|---|---|
| ४ | ५ लाख १ देखि २० लाख सम्म | ६०० | |
| ५ | २० लाख १ देखि माथी | १००० | |

च) शिसा फ्रेम कार्पेट, सजावटका सामान र जनरल गुड्सहरु, फ्रर्निचर फिक्चर्स सम्वन्धि  व्यवसाय दर्ता

| क्र.सं. | विवरण | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | |
| २ | १ लाख १  देखि ५ लाख सम्म | १००० | |
| ३ | ५ लाख १  देखि १० लाख सम्म | २००० | |
| ४ | १० लाख १ देखि २० लाख सम्म | ३५०० | |
| ५ | २० लाख १ देखि माथि | ५००० | |

२ सुती कपडा रेडिमेड कपडा, कपडा सिलाउने मेसिन सम्वन्धि व्यवसाय दर्ता

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १. | १ लाख सम्म | ५०० | |
| २. | १ लाख १ देखि ३  लाख सम्म | ८०० | |
| ३. | ३ लाख १ देखि ५ लाख सम्म | १००० | |
| ४ | ५ लाख १ देखि  १५ लाख सम्म | २००० | |
| ५ | १५ लाख १ देखि ३० लाख सम्म | ३००० | |
| ६ | ३० लाख १ देखि १ करोड सम्म | ५००० | |
| ७ | १ करोड भन्दा माथी | १०००० | |
| ८ | कुम्ले व्यापारी | १००० | |

ख)  टेलिचलचित्र, वृत्तचित्र निर्माण परामर्श सेवा अनुसन्धान तथा परामर्श दाता, कन्सल्टेन्सि सेवा, अनुवादक, छापाखाना, प्रेस स्क्रिन प्रिन्ट आदि)  व्यवसाय दर्ता

| क्र.सं. | अधिकृत पुर्जी | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | १००० | |
| २ | १ लाख १ देखि ३ लाख सम्म | १५०० | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | २००० | |
| ४ | ५ लाख १ देखि  २० लाख सम्म | ३००० | |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ५००० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ८००० | |
| ७ | ५ करोड १ र सो भन्दा माथि | १५००० | |

ग)  केवल नेटवर्क व्यवसाय दर्ता

| क्र.सं. | विवरण | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | १०० ग्राहक सम्म | १२००० | |
| २ | १०१ देखि ५०० सम्म ग्राहक भएको | १४००० | |
| ३ | ५०० भन्दा माथि ग्रहक भएको हकमा | १६००० | |

घ) लेखापरिक्षक व्यवसाय दर्ता

| क्र.सं | विवरण | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | श्रेणि क | १०००० | |
| २ | श्रेणि ख | ५००० | |
| ३ | श्रेणि ग | ३००० | |
| ४ | श्रेणि घ | १५०० | |

ङ) कानुन ब्यवसायी दर्ता

| क्र.सं | विवरण | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | लेखापढि/कानुन ब्यबसायी | २००० | |

च) अन्य सेवा वा फर्म दर्ता

| क्र.सं | विवरण | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| ३ | विज्ञापन कम्पनी/ एजेन्सी | २००० | |
| ४ | शेयर दलाल/फर्म | ५००० | |
| ५ | कानुनि फर्म | २००० | |

छ) निर्माण व्यवसाय दर्ता

| क्र.सं | विवरण | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकारबाट इजाजत प्राप्त "घ" वर्गको निर्माण ब्यावसायी | २५००० | |

ज) कुटानी पिसानी ब्यवसाय दर्ता

| क्र.सं | विवरण | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | पिसानी मात्र | ५०० | |
| २ | कुटानी मात्र | ५०० | |
| ३ | पेलानी मात्र | ५०० | |
| ४ | चिउरा | ५०० | |
| ५ | मसला बेसार | ५०० | |
| ६ | कुटानी पिसानी, पेलानी, गरि विक्री वितरण | १००० | |
| ७ | कुटानी, पिसानी दुईवटै भए | ८०० | |
| ८ | कुटानी, पिसानी, पेलानी तीनवटै भए | १००० | |

पर्यटन सेवा ब्यवसाय

आवास, लज, होटेल, फाष्टफुड, रेष्टुरा, रिसोर्ट, ट्राभल्स एजेन्सी, खाजा पस, स्विमिङ पुल ब्यवसाय दर्ता

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क रु. मा | कैफियत |
|---|---|---|---|
| १ | सानो ग्रामिण स्तर चिया पसल वा ५० हजार लगानी भएको होटेल | ३०० | मदिरा सहितको ब्यवसाय भएमा दर्ता शुल्कमा . थप रु. ५००० लाग्नेछ । |
| २ | ५० हजार देखि १ लाख सम्म | ४०० | |
| ३ | १ लाख देखि २ लाख सम्म | ५०० | |
| ४ | २ लाख देखि ५ लाख सम्म | १००० | |
| ५ | ५ लाख देखि २० लाख सम | १५०० | |
| ६ | २० लाख देखि माथि | ३००० | |
| ७ | रिसोर्ट हरुको हकमा | ५००० | |
| ८ | ट्राभल्स एजेन्सी | ३००० | |
| ९ | स्विमिङ पुल | ३००० | |

संचार सेवा एफ.एम समेत/इन्टरनेट सेवा प्रदायक ब्यवसाय दर्ता

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क (रु. मा) | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | |

| | | | |
|---|---|---|---|
| २ | १ लाख १ देखि ३ लाख सम्म | १००० | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | १५०० | |
| ४ | ५ लाख १ देखि २० लाख सम्म | ३००० | |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ५००० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ८००० | |
| ७ | ५ करोड १ र सो भन्दा माथि | १६००० | |
| ८ | एफ.म रेडियो प्रसारण | २००० | |

**वित्तीय सेवा दर्ता**

| क्र.सं | विवरण/ अधिकृत पुर्जी | दर | कैफियत |
|---|---|---|---|
| १ | निजि क्षेत्र द्वारा संचालित वाणिज्य वैंक विदेशि बिमा कम्पनि | ५००० | |
| २ | बिकास वैंक | ३५०० | |
| ३ | बित्तिय कम्पनिको मुख्य कार्यालय र लघु वित्त | २५०० | |
| ४ | विमा कम्पनि र मनि ट्रान्सफर | १५०० | |
| ५ | १ करोड सम्म कारोवार भएका सहकारी | १००० | |
| ६ | १ करोड देखि ३ करोड सम्म भएका सहकारी | २००० | |
| ७ | ३ करोड देखि ५ करोड सम्म | ३५०० | |
| ८ | ५ करोड देखि माथी | ५००० | |

**स्वास्थ्य सेवा ब्यवसाय दर्ता**

**गैर सरकारी अस्पताल नर्सिङ्ग होम, क्लिनिक, औषधि पसल, आर्युवेदिक पसल तथा ल्यावहरु लगायत स्वास्थ्य सेवा सँग सम्बन्धित ब्यवसायहरु**

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क (रु. | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्मको लागी | १००० | |
| २ | ५ लाख देखि २० लाख सम्मको | २००० | |
| ३ | २० लाख देखि १ करोड सम्मको | ३००० | |
| ४ | १ करोड देखि ५ करोड सम्मको | ८००० | |
| ५ | ५ करोड देखि माथी | १६००० | |

**तालिम तथा प्रशिक्षण केन्द्रहरु /ब्यवसाय दर्ता**

| क्र.सं | विवरण | दर्ता शुल्क (रु. मा) | कैफियत |
|---|---|---|---|
| १ | तालिम तथा अनुसन्धान , कम्प्युटर टाईपिङ लगायत फोटोकपी समेत संचालन भई काम गर्ने हरुको हकमा | १५०० | |
| २ | कम्प्युटर तथा प्रशिक्षण ,निजि क्षेत्र वाट दिईने शिक्षा तथा कोचिङ सेन्टर | २००० | |

**मर्मत सेवा /ब्यवसाय दर्ता**

| क्र.सं. | विवरण | दर्ता शुल्क (रु. मा) | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | टेक्टर, वस, ट्रक, हयावि ईक्वीमेन्ट कार, जिप सवारी डेन्टिङ मोटर पार्टस मिल मेसिनरी एयरकुलर टायर रीसोलिङ डाईनामाईट | २००० | |
| २ | मोटरसाईकल मर्मत | १००० | |
| ३ | रेडियो, घडि, टि.भि, मोवाइल, फ्रिज, पखाँ, हिटर आदी ईलेक्ट्रोनिक सामान | १००० | |
| ४ | ग्यास चुलो सेल्स पम्प टायर पम्प पञ्चर ग्यास विलडिङ वक्सा मर्मत गर्ने साईकल रीक्सा लुगा सिउने मेसिन अन्य फोटोकपि ब्याग | ५०० | |

अन्य सेवा/व्यवसाय दर्ता

| क्र.सं. | विवरण | दर्ता शुल्क (रु. मा) | कैफियत |
|---|---|---|---|
| १ | वैदेशिक रोजगारमा पठाउने संस्था हाउजिङ कम्पनि | ५००० | |
| २ | कलर ल्याब फोटो स्टुडियो | १००० | |
| ३ | विज्ञापन सेवा फोटो स्टुडियो | १००० | |
| ४ | ब्युटिपार्लर, केश श्रृगार, साईन वोर्ड पेन्टीङ, सैलुन, नर्सरी | १००० | |
| ५ | फ्रेस हाउस / मासु (खसि, कुखुरा, माछा, रागा, वंगुर आदी) खुद्रा विक्रेता | १००० | |
| ६ | फ्रेस हाउस / मासु (खसि, कुखुरा, माछा, रागा, वंगुर आदी) थोक विक्रेता | १००० | |
| ७ | सित भण्डार | १००० | |
| ८ | टेण्ट हाउस | १००० | |
| ९ | हाफ क्याटरीङ | १००० | |
| १० | साईवर क्याफे | १००० | |
| ११ | एग्रोभेट | ५०० | |
| १२ | कवाडी पसल थोक | १००० | |
| १३ | कवाडी पसल खुद्रा | ५०० | |
| १४ | ढुवानी सेवा शाखा भएका | १००० | |
| १५ | खानामात्र विक्रि होटेल | १००० | |
| १६ | सेटरिङ व्यवसाय | १००० | |
| १७ | १ मेशिन राखी कपडा सिलाई गर्ने | ५०० थप एक मेसिन | |
| १८ | खाद्यान्न सम्बन्धि काँटा व्यवसाय | १००० | |
| १९ | इन्धन विक्रि पसल (ड्रममा राखेर) | १५०० | |
| २० | पेट्रोलियम पद्धार्थ वेच्ने पम्प | ५००० प्रति मेशिन थप | |
| २१ | ग्यास विक्रि डिलर र खुद्रा | १००० र ५०० | |
| २२ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थकेयर कृतिम गहना,समेत | १००० | |
| २३ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी हेल्थकेयर, कृतिम गहना, समेत थोक विक्रेता | १५०० | |
| २४ | डिपार्टमेन्टल स्टोर, रेष्टुरेण्ट वेकरी सहितको | ५००० | |

| | | | |
|---|---|---|---|
| २५ | कृषि समुह/समिती, टोल विकास संस्था | ५०० | |
| २६ | तरकारी तथा फलफुल ब्यवसाय | ५०० | |
| २७ | कपडा तथा जुत्ता सम्वन्धि ब्यवसाय | १००० | |
| २८ | कभर्ड हल –ब्यायाम शाला | १००० | |
| २९ | खाद्यान्न सँग सम्वन्धित ब्यवसाय | १००० | |
| ३० | होम स्टे | १५०० | |
| ३१ | अन्य सेवा/ब्यवसायको प्रकृति हेरी | ५००– २५०००। सम्म | |

**उद्योग ब्यवसाय दर्ता**

चाउचाउ उद्योग, बिष्कुट उद्योग, चप्पल उद्योग, सलाई उद्योग, प्लाई उद्योग, सस उद्योग, कपडा उद्योग, वरफ उद्योग, कपडा रिफाइन उद्योग, कन्फेसनरी उद्योग, काष्ठ उद्योग, ग्यारेज, मट्टीतेल डिलर,स्टेशनरी उद्योग, डिस्टीलरी, हल्का पेय पद्धार्थ, पलाष्टीक उद्योग पाउरोटी उद्योग, गलैचा उद्योग, गार्मेन्ट उद्योग, क्रसर उद्योग, भुजिया उद्योग, ईट्टा उद्योग, पशु आहार, तामा आल्मुनियम जस्ता धातु उद्योग, प्रेस वाहेक प्रिन्टिङ, जुस उद्योग, चुरोट विडि, वेदवास फर्निचर, लुब्रिकेन्ट उद्योग, क्यारेट उद्योग,चाउमिन उद्योग, ह्याचरी उद्योग, ग्रिल उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधि उद्योग, उत्पादन मुलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्रि चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग , वरफ उत्पादन, झुल तथा पर्दा उत्पादन, तारजाली उत्पादन , नानोकन उद्योग, काष्ट उद्योग, डेरी उत्पादन, फर्नीचर उद्योग, निमार्ण उद्योग, खनिज उद्योग, सेलर तथा उर्जा मुलक उद्योग लगायतका अन्य दर्ता हुन आउने उद्योगहरुको हकमा ।

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क (रु. मा) | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | |
| २ | १ लाख १ देखि ३ लाख सम्म | १००० | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | १५०० | |
| ४ | ५ लाख १ देखि २० लाख सम्म | ३००० | |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ५००० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ८००० | |
| ७ | ५ करोड १ र सो भन्दा माथि | १५००० | |

**ब्यवसाय दर्ता नविकरण शुल्क – दर्ता शुल्कमा लागेको शुल्कमा २५ प्रतिशत लिने ।**

**सुचि दर्ता शुल्कः सबै प्रकारका ब्यवसायको हकमा सुचि दर्ता शुल्क रु. १०० को दरले लिने ।**

**ब्यवसाय/ उद्योग अभिलेखिकरण तथा सुचिकरण दस्तुर**

| क्र.सं | अधिकृत पुर्जी | दर्ता शुल्क (रु. मा) | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख १ देखि २० लाख सम्म | ५०० | |
| २ | २० लाख १ देखि १ करोड सम्म | ८०० | |
| ३ | १ करोड १ देखि ५ करोड सम्म | १००० | |
| ४ | ५ करोड १ र सो भन्दा माथि | १५०० | |
| ५ | अन्य सेवा/ब्यवसायको प्रकृति हेरी | ५००– १५००। सम्म | |

**घर नक्सा पास सम्बन्धी प्रस्तावित दस्तुर ः**

| क्र.स. | घरको बनावट | राजमार्ग तथा मूल्य बजार सडकको दायाबाया बन्ने घरको दर प्रति वर्ग फिट (रु) | अन्य पिच सडक (क वर्ग) को सडकको दाँया बायाँ प्रति वर्गफुट लाग्ने दस्तुर | ग्राभेल सडक(ख वर्ग) मा बन्ने घर को दर प्रति वर्ग फिट (रु) | कच्ची तथा ग्रामीण सडक (ग र घ वर्ग)मा तथा ग्रामिण क्षेत्रमा बन्ने घरको |
|---|---|---|---|---|---|
| १ | चऋऋ फ्रेमस्टक्चर तर्फ | | | | |
| | जमिनतला | 3/- | 2.5/- | 2/- | 1.5/- |
| | प्रथमतला | 2.5 | 2/- | 1.5/- | 1/- |
| | दोस्रोतला सो भन्दा | 2/- | 1.5/- | 1 | 1/- |
| २ | लोडवेयरिङ स्टक्चर तर्फ | | | | |
| | जमिनतला | 2.50/- | 2/- | 1.5 | 1.25/- |
| | प्रथमतला | 2/- | 1.5/- | 1/- | 1/- |
| | दोस्रोतला सो भन्दा | 1.5/- | 1/- | 1/- | 1/- |
| ३ | कम्पाउण्डवाल | 2/- | 1.5/- | 1/- | 0.5/- |
| ४ | कच्ची घर | 1.5/- | 1/- | 0.5/- | 0.25 |
| गा.पा घोषण हुनुपुर्व निर्माण भएको घरहरुको हकमा गा.पा ले तोकेको समयभित्र नक्सा पास नगराएमा तोके बमोजिम जरीवाना हुने छ । आ.ब ०७३/०७४ भित्र गा.पा घोषण हुनुपुर्वका घर नक्सा पास नगराएमा ०७४/०७५ का लागी पारीत कर लाग्ने छ । र जरीवाना वापत २५% दस्तुर लाग्ने छ । | | | | | |
| पटक पटक गरी नक्सापास गर्नेका हकमा कुल क्षेत्रफलका आधारमा कुन वर्गमा पर्ने हो सो निर्धारण गरी सोही वर्गको कर लगाउने | | | | | |
| नक्सा संसोधन गर्दा कुल बुझाउनुपर्ने दस्तुर थप ३०% दस्तुर लिईने छ । | | | | | |

| क्र.सं. | बिषय | विवरण | दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | घर नक्सा नामसारी दस्तुर | १००० वर्ग फिट सम्मको घर नक्सा नामसारी | ५०० | घर जग्गा धनिको मृत्यु भई प्रचलित कानुन बमोजिम एका संगोलका परीवारमा नामसारी गर्नपर्दा १००० वर्गफिट सम्मको घरमा रु ३०० सो भन्दा माथी जतीसुकै भएपनि १००० लिईने छ । |
| | | १००१ देखि २००० वर्ग फिट सम्म | १००० | |
| | | २००१ – ३००० सम्म | १५०० | |
| | | ३००१ – ४००० सम्म | २००० | |
| | | ४००१ – ५००० सम्म | २५०० | |
| | | ५००० देखि माथी प्रति वर्गफुट | १ | |

| | | | | |
|---|---|---|---|---|
| २ | घर जग्गा निरीक्षण तथा सर्जिमनि दस्तुर | | ४०० | गा.पा ले भवन संहिता लागु गरेपछि वा सो पुर्व परामर्श दाता वा छुट्टै कर्मचारीवाट नक्सा र निर्मित घरको भेरीफिकेसन संहिता पालनाका विषयमा फिल्डमा सहजिकरण गरेवापत छुट्टै तोकिएको दस्तुर लाग्ने छ । |

**दण्ड जरिवाना सम्बन्धी प्रस्तावित दस्तुर ः**

| क्र.सं. | विवरण | कर रु. | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएकाब्यत्तिगत घटना दर्ता | निशुल्क | |
| २ | ३५ दिन नाघी दर्ता हुने ब्यक्तिगत घटना दर्ता | २०० | अन्यत्र वाट वसाईसराई गरी आएका र वसाईसराई सर्नुपुर्व अन्यत्रबाट ब्यतिगत यस गा.पा मा दर्ता हुने ब्यक्तिगत घटना घटना दर्ता गर्नुपर्नेमा सो नगरी वसाईसरी सो पछि दर्ताको हकमा जुन ठाँउ बाट बसाइसरी आएको हो उक्त ठाँउ बाट दर्ता गरि आउन सुझाब दिने |
| ३ | गा.पा घोषणा हुनु पुर्व वनेका संरचनाको हकमा | ५०० | घर जग्गा सम्बन्धी |
| ४ | नक्सापास नगरी २ लेवल सम्म भौतिक संरचना निर्माण गरेमा | ३५% थप | घर जग्गा सम्बन्धी |
| ५ | नक्सापास नगरी २ लेवल भन्दा माथी निर्माण गरेमा | ७०% थप | घर जग्गा सम्बन्धी |
| ६ | नक्सापास नगरी घरनिर्माण सम्पन्न गरेमा | सतप्रतिशत | |
| ७ | निश्चीत तला वा निश्चीत डिजाईनको अनुमति लिई सो भन्दा फरक वनि वा फरक घर निर्माण गर्नेको हकमा | ७० % थप | प्रस्तावित जरीवानामा नक्सा संसोधनको जरीवाना समावेश गरीएको छैन |
| ८ | घर निर्माण गर्दा सामान जथाभावि सडकमा थुपार्नेका हकमा | १००–१५०० | सडकमा पुगेको अवरोध र |
| ९ | निषेधित क्षेत्रमा फोहोर  फाल्नेको हकमा | १००–१५०० | निषेधित क्षेत्र गा.पा ले तोक्ने सोको सुचना स्थानीय रेडियो र पत्रपत्रिका र सार्वजनीक मार्फत जनकारी गराईने छ । |
| १० | निशेधित प्लाष्टिक प्रयोग गर्नेका हकमा | १००–५०० | प्लाष्टीक निषेधित क्षेत्र घोषणा भएपछि कार्यान्वयनहुने र सो को सुचना स्थानीय रेडियो पत्रपत्रीका र सार्वजनीक मार्फत गराईने |

| | | | |
|---|---|---|---|
| ११ | जथाभावि चौपाया छोड्नेका हकमा | १०–५० | हाँस कुखुरा, गाई भैसि र गोरुको प्रतिगोटा ५० जरीवाना र खाना खर्च रु १०० प्रतिदिन अन्यको हकमा ५०% र उल्लेखित वाहेकका चौपायामा ३० र खाना खर्च १५ प्रतिदिन पाठापाडी लगाएतको हकमा सोको ५०%, ७ दिन भित्र सम्म चौपाया लिन नआएमा गा.पा ले लिलाम गर्ने छ । आफ्ना चौपायाहरु सार्वजनिक ठाउँमा बाध्ने जस्तै सुगुर को प्रतिगोटा रु.२०००।- |
| १२ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा १ वर्ष सम्मको | १५ प्रतिशत | |
| १३ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा २ वर्ष सम्मको वक्यौताको लागि | ३० प्रतिशत | |
| १४ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा ३ वर्ष सम्मको वक्यौताको लागि | ६० प्रतिशत | |
| १५ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा ४ वर्ष सम्मको वक्यौताको लागि | ७५ प्रतिशत | |
| १६ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा ५ वर्ष वा सोभन्दा माथि | १०० प्रतिशत | |
| १७ | ब्यवसाय दर्ता प्रमाणपत्र नवीकरण आ.व. समाप्त भएको मिति ३ महिना भित्र नबुझाएमा | प्रत्येक महिना नवीकरण शुल्कमा १० % को दरले | |
| १८ | प्रत्येक आर्थिक वर्षका लागि तोकिएको घर बहाल कर उक्त आ.व भित्र नबुझाएमा | प्रत्येक महिना घर बहाल करमा १० % को दरले | |
| १९ | अन्य दण्ड जरिवानाको प्रकृति हेरी | १००–५००० | |

## अनुसुचि १३
## पर्यटन शुल्क

माण्डवी गा.पा. मा आउने स्वदेशी पर्यटकलाई र विदेशी पर्यटकलाई पर्यटन शुल्क लगाउने विषयमा गाउँपालिकाले निर्णय गरी लागू गर्नेछ ।

**विविधः यस ऐनमा नसमेटिएका कर, दस्तुर तथा शुल्कको दररेट अन्य कानुन सँग नबाझिने गरि गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।**